बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

परिपत्र नं. २५

बी.स. ११८ (२०७६/०७७) च.नं.५१७५

मिति: २०७७/०२/०६

**श्री ईजाजतपत्र प्राप्त सबै निर्जीवन बीमा कम्पनीहरु,**

विषय: **मोटर बीमा दर निर्देशिका सम्बन्धमा।**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भइरस (COVID-19) का कारण नेपाल सरकारले मिति २०७६ चैत्र ११ गते देखि लकडाउन घोषणा गरिएको अवस्थामा अधिकांश सवारी साधनहरु पूर्ण रुपमा थन्किएको र केही सवारी साधनहरु आशिंक तथा अति न्यून रुपमा मात्र चलेको अवस्थामा बीमा जोखिम पनि न्यून हुन गएको व्यहोरा दृष्टिगत गरी बीमितहरुलाई प्रिमियममा केही राहतको व्यवस्था गर्न उपर्युक्त हुने देखिन्छ।

माथि उल्लेखित आवश्यकता समेतलाई मध्यनजर गरी लकडाउन अवधि भरको लागि हाल प्रचलनमा रहेको "मोटर बीमा दर सम्बन्धी निर्देशिका,२०७३" को परिच्छेद -७ को दफा ७.९ मा निम्न बमोजिम व्याख्या गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनुहुन यो निर्देशन जारी गरिएको छ :-

१) सवारी साधन प्रयोगमा नरहेको सूचना सम्बन्धमा नेपाल सरकारले लकडाउन घोषणा गरेको मिति २०७६ चैत्र ११ गतेलाई लिने र समयावधि नेपाल सरकारबाट लकडाउन हटाएको समयसम्म कायम गर्ने,

२) अत्यावश्यक सेवाका सवारी साधनहरुको हकमा नेपाल सरकारले सूचना जारी गरी सवारी साधन सञ्चालन गर्न अनुमति दिएको अवधिसम्मको लागि थन्किएको अवधि (Lay-up period) गणना गर्ने,

३) उपरोक्त बाहेक अन्य सबै सवारी साधनहरुको हकमा थन्किएको अवधि (Lay-up period) गणना गर्दा मिति २०७६ चैत्र ११ गते देखि लकडाउन अवधि समाप्त नभएसम्मको अवधि गणना गर्ने,

४) चालु बीमा अवधिमा दाबी परिसकेको सवारी साधनको हकमा थन्किएको अवधि(Lay-up period) को लागि छुट लागु नहुने ,

५) उपरोक्त बमोजिम थन्किएको अवधि (Lay-up period) को बीमा शुल्क छुटको गणना निम्नानुसार गर्ने :

(क) सवारी साधनको कुल वार्षिक बीमा शुल्कको एक तिहाई (१/३) रकम थन्किएको अवस्थाको जोखिमको लागि कट्टा गरी बाँकी दुई तिहाई (२/३) मा समानुपातिक रकम छुट दिने,

(ख) उपरोक्त (क) अनुसार कुल प्रिमियम हिसाब गर्दा तेस्रो पक्ष/यात्रु/ कर्मचारीको बीमा लगायत जोखिम समूह समेतको हिसाब गर्नुपर्ने,

(ग) खण्ड (क) र (ख) बमोजिम प्रदान हुने छुट रकम, सवारी साधन बीमाको नविकरण गर्दा नविकरण बीमा शुल्कमा समायोजन गर्ने। साथै, सवारी साधनको अन्यन्त्र बीमकसँग नविकरण हुने अवस्थामा बीमितको अनुरोधमा बीमकले छुट रकमको प्रमाणपत्र उपलब्ध गराउनु पर्ने।

**(राजु रमण पौडेल)**
कार्यकारी निर्देशक

**बोधार्थ:**

श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति।

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np